2017, AUG
Monday
7

# नेपाल

कुनै बेला हिमाली ट्रकका नामले चिनिने भेडा च्याङ्ग्राबाट खाद्यान्न, नुन र अन्य सामानहरु गाउँगाउँमा ढुवानी गरेर जीविका चलाउँदै आएका यस क्षेत्रका भेडापालकहरु अहिले बझाङदेखि चीनको तिब्बतसम्म विभिन्न ठाउँमा सिजनअनुसार अस्थायी होटल सञ्चालन गरेर बसेका भेटिन्छन्।

## उर्थुगाउँमा सरसफाइ अभियान जारी

नन्दराम जैसी, जुम्ला

जुम्लाको उर्थुगाउँ सरसफाइ सुधारोन्मुख अवस्थामा रहेको छ। पातारासी गाउँपालिका वडा नं ६ मा पर्ने उर्थुगाउँ



सरसफाइ सुधारोन्मुख बन्दै गएको हो। यसअघि खुला दिसामुक्त घोषणा भइसकेको उर्थुगाउँ पूर्ण सरसफाइयुक्त बन्नका लागि सरसफाइमा सुधारोन्मुख हुँदै गएको छ। जिल्ला खानेपानी सरसफाइ तथा स्वच्छता समन्वय समितिले सोमबार गरेको संयुक्त अनुगमनका क्रममा यस्तो पाइएको हो।

अनुगमनका क्रममा उर्थुगाउँलाई पूर्ण सरसफाइयुक्त बनाउनका लागि अझै सरसफाइमा जोड दिनुपर्ने अनुगमन टोलीले सुझाव दिएका छन्। पहिले राम्रोसँग सरसफाइको विषयमा जानकारी नपाएका कतिपय उर्थुबासी हाल व्यक्तिगत सरसफाइका साथै घरायसी र वातावरणीय सरसफाइमा पनि ध्यान दिन थालेका छन्।

उर्थुगाउँको सरसफाइ अवस्थालाई सुधार्न र सरसफाइका विषयमा प्रत्यक्ष स्थानीयलाई जनचेतना जोगाउन आरडीजीपी जुम्लाले गाउँमा दुई जना उत्प्रेरक सहजकर्ता तोकेको छ। उत्प्रेरक सहजकर्ताहरूले व्यक्तिगत, घरायसी र वातावरणीय सरसफाइको महत्त्व, सरसफाइ गर्ने तरिका र सरसफाइ नगर्दा हुने समस्याका विषयमा गाउँका सबै समुदायलाई निरन्तर छलफल, अन्तक्रियामार्फत् जानकारी दिने गरेका छन्।

स्थानीय पुन्नबहादुर विष्टले भन्नुभयो- 'गाउँका सबै घरमा शौचालयको व्यवस्था छ। शौचालय प्रयोगपछि नियमित साबुनपानीले हात धुने गरेका छौं। घरमा भाँडा सुकाउने चाङको पनि व्यवस्था छ। तर घरघरमा खानेपानीको धारा बिस्तार गर्दै छौं, धारा विस्तारपछि सरसफाइको अवस्था अझै राम्रो हुनेछ।'

गाउँलाई पूर्ण सरसफाइयुक्त बनाउनका लागि आरडीजीपी जुम्लाले गाउँका १ सय २६ घरधुरीलाई तीन दर्जामा विभाजन गर्न लागेको छ। जसमा सरसफाइमा कमी भएका घरलाई रातो स्टिकर, सरसफाइ सुधारोन्मुख घरलाई पहेंलो स्टिकर र सरसफाइमा स्वस्थ्य घरलाई हरियो स्टिकर वितरण गरिने वास कार्यक्रम अधिकृत यज्ञराज ओझाले बताउनुभयो।

उर्थुगाउँलाई ग्रामीण क्षेत्रको वातावरण दूषितरहित गाउँ बनाइने भएको छ। त्यसका लागि खानेपानीको पहुँच पुऱ्याई पानी शुद्धीकरण गरी खाने तरिका तथा सफा र स्वच्छ खानाको प्रयोग गर्ने बानी बसालिनेछ। ग्रामीण खानेपानी तथा सरसफाई कोष विकास समितिको आर्थिक सहयोगमा ग्रामीण विकास समूह कार्यक्रम जुम्लाद्वारा सञ्चालित ग्रामीण खानेपानी सरसफाइ सुधार परियोजनाअन्तर्गत उर्थुगाउँमा सरसफाइसम्बन्धी विभिन्न गतिविधि भइरहेका छन्।

## तिब्बतको सिमानामा मौसमी होटल

ललित सिंह, बझाङ

परम्परादेखि नै भेडापालनलाई प्रमुख पेसाका रूपमा अँगालेका बझाङको दुर्गम हिमाली गाउँपालिका साविकको काँडा गाविस र आसपासका अधिकांश बासिन्दा अहिले भेडापालन छोडेर मौसमी होटल व्यवसायतर्फ लागेका छन्।

कुनै बेला हिमाली ट्रकका नामले चिनिने भेडा च्याङग्राबाट खाद्यान्न, नुन र अन्य सामानहरू गाउँगाउँमा ढुवानी गरेर जीविका चलाउँदै आएका यस क्षेत्रका भेडापालकहरू अहिले बझाङदेखि चीनको तिब्बतसम्म विभिन्न ठाउँमा सिजनअनुसार अस्थायी होटल सञ्चालन गरेर बसेका भेटिन्छन्।

'भेडासँग लागेर धेरै दुःख पाइयो', काँडा गाउँपालिका-६ धुलीका महिमान तामाङ भन्दछन्- 'जंगल, जंगल चहार्दै हिँड्नुपर्ने, घरमा कोही मान्छे मरेको छ भने पनि भेडा छोडेर जान नपाइने, त्यत्रो सम्पत्ति चट्क्कै छोड्नु पनि कसरी ?' भेडापालन व्यवसाय गर्दाको अनुभव सुनाउँदै उनले भने- 'घरमा धेरै मान्छे हुनेलाई त सजिलो हो। मान्छे नहुनेलाई धेरै गाह्रो छ। त्यही भएर धेरैले छोडिसके।' महिमान उनको परिवारसहित बर्खाको ६ महिना तिब्बतको बैंस भन्ने ठाउँमा होटल चलाउँछन्। असोज मध्यतिर त्यहाँ भएको सामानहरू ओडारमा लुकाएर छ महिनाका लागि बझाङ सदरमुकाम चैनपुरमा होटल खोल्छन्।

काँडा गाउँपालिकाका १५ भन्दा बढी भेडापालकले तिब्बत जाने बाटोको विभिन्न ठाउँमा अस्थायी होटलहरू सञ्चालन गरेका छन्। अन्य १९ जनाले तिब्बत जाने बाटोको नेपाली भूभागको विभिन्न ठाउँमा होटल खोलेका छन् भने काँडाकै अन्य ६० जनाजति भेडापालकहरू यो पेसा छोडेर अन्य व्यापार र कृषि कार्यतर्फ लागेका छन्।

होटल सञ्चालन गरेर बस्दा भेडा पाल्नुभन्दा कम दुःख हुने र आम्दानी पनि राम्रै हुने डोल्मा तामाङको अनुभव छ। 'यो सिजनमा मेरो होटलमा १५ सयदेखि २ हजार जति मान्छे बसे



होलान्', डोल्माले भनिन्- '६ महिनाको अवधिमा खर्च कटाएर ४/५ लाख मुनाफा भएकै हुन्छ। हिउँदको समयमा चैनपुरमा होटल खोलेर बस्छौं। त्यहाँ पनि अलिअलि फाइदै हुन्छ।' बझाङको बाटो भएर ताक्लाकोट तिब्बत जानेको संख्या बढ्न थालेपछि यस बाटोमा होटल थाप्नेको संख्या पनि प्रत्येक वर्ष बढी रहेको र होटल सञ्चालकहरू काँडाका स्थानीय र सबै पूर्व भेडापालक रहेको उनले बताए।

पहिलको संयुक्त परिवारको चलन अहिले कमजोर बन्दै गएका कारण धेरै परिवारहरू भेडापालन छोड्दै गएको उनीहरूको भनाइ छ। योसँगै बढ्दै गएको सामुदायिक वनको कारण चरन क्षेत्रको अभाव हुँदै जानु, पहिले जस्तो सजिलो र सस्तो सुविधामा काम गर्ने खालका सहयोगी (ग्वाला) हरू नपाइनु पनि भेडा पालन व्यवसाय छोड्नुको कारण बनेको तिब्बतको ठाडा ढुंगामा होटल सञ्चालन गरेका साम्देन लामाको भनाइ छ।

केही वर्ष पहिला काँडा गाविसका हाल काँडा गाउँपालिका का प्रत्येक परिवारले भेडापालन गर्ने गरेकोमा अहिले धेरै जसोले यो पेसा छोडेर अस्थायी होटल, जडीबुटी र अन्य व्यापार अँगालेको काँडा गाउँपालिकाका अध्यक्ष राजेन्द्र धामी बताउँछन्। अझै पनि काँडामा २ सयभन्दा बढी परिवार भेडापालनमा संलग्न रहेको र विभिन्न समस्याका कारण भेडापालन छोड्नेको संख्या बढ्दै गएको उहाँको भनाइ छ।

## मनाङमा कांग्रेस विजयी

लमजुङ, (नेस)

जिल्ला समन्वय समिति मनाङमा नेपाली कांग्रेस विजयी भएको छ। प्रमुख पदका प्रत्यासी कांग्रेसका यज्ञप्रसाद घलेको प्यानल बहुमतसहित विजयी भएको हो। ८ मत रहेको सो निर्वाचनमा एक जना अनुपस्थित भएपछि कांग्रेसलाई जित सहज भएको थियो।

सात सदस्यी हुने मनाङको जिल्ला समन्वय समितिको उपप्रमुख पदमा नेपाली कांग्रेसकै कृष्णबहादुर लामा विजयी हुनुभएको छ। यसै गरी, सदस्यहरूमा कर्म छेतेन गुरुङ, चेसकासी घले, सुकमाया विक र शेषकुमारी गुरुङसहित नेपाली कांग्रेसका प्रत्यासी विजयी भएका छन्। एक सदस्य पदमा राप्रपाकी धनकासी गुरुङ विजयी भएको प्रमुख जिल्ला निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ।

सो कार्यालयका अनुसार जिल्ला समन्वय समितिको निर्वाचनमा जम्मा ८ मत रहेकोमा एक जना अनुपस्थित भएपछि कांग्रेसको जित सहज भएको थियो। प्रमुखमा नेकपा एमालेको तर्फबाट चीनबहादुर घले र उपप्रमुखमा प्रेमकुमार श्रेष्ठले उम्मेदवारी दिनुभएको थियो। निर्वाचनमा कांग्रेसबाट ६, एमालेबाट ६, राप्रपा र स्वतन्त्रवाट १/१ गरी १४ जनाको उम्मेदवारी परेको थियो। नेपाली कांग्रेसले गाउँपालिकाको निर्वाचनमा दुई गाउँपालिकामा प्रमुख र दुई उपप्रमुख जितेर चार मत सुरक्षित गरेको थियो भने एमालेले दुई गाउँपालिकाको प्रमुख र एक उपप्रमुख जितेर तीन मत पाएको थियो भने स्वतन्त्र उम्मेदवारले एक उपप्रमुख पदमा जितेका थिए।

## छोरीको अज्ञात रोगले बाबु कंगाल

नेपाल समाचारपत्र

लमजुङ

लमजुङका एक बाबुछोरीमा लागेको अज्ञात रोगका कारणले उपचार गर्दा गर्दै कंगाल भएका छन्। दोर्दी गाउँपालिका-४ कामचोक गाउँ निवासी कुम्भराज गुरुङ छोरी केशरीको उपचार गर्दागर्दै कंगाल बनेका हुन्।

चार वर्षीय छोरी केसरी गुरुङ जन्मेको सात दिनमै बिरामी भएकी हुन्। उनको रोग अझै पत्ता लाग्न सकेको छैन। छोरीमा अज्ञात रोग देखिएपछि गुरुङको परिवारका सदस्यहरू कसैको अनुहारमा आजसम्म पनि खुसी देखिँदैन। जन्मिँदा राम्रोसँग जन्मेकी छोरी केशरी छ दिनसम्म ठीकै थिइन्। सातौं दिनका दिनदेखि बिरामी परेकी उनले यति बेला अज्ञात रोगका कारण आफ्नो दाहिने कान र ओठसमेत गुमाइसकेकी छन्। 'छोरीलाई रोगले सताउन थालेपछि धैरै ठाउँका अस्पताल भांतारिएँ, लाखौं रकम खर्च गरेँ, तर छोरीको रोग के हो ? भन्ने कतै खुल्न सकेन' -बाबु कुम्भराजले भने।

जिल्ला सरमुकाम बेंसीशहरदेखि टाढाको विकट गाउँका बासिन्दा गुरुङको परिवारको आम्दानी स्रोत पनि खासै थिए। घर गृहस्थीबाट हुने आम्दानीले जेनतेन चलेको परिवार छोरीको उपचारमा हिँड्दा आम्दानी गर्न सक्ने अवस्था पनि नहुँदा र भएको सम्पत्ति पनि उपचारमा खर्चिन अवस्था दयनीय भएको कुम्भराजे बताउनुभयो। उहाँका अनुसार छोरीको उपचारमा आफन्तजनसँग ऋण खोज्दा पनि पुगेन। आफूले जानको सबै ठाउँ चहार्दा पनि रोग पत्ता लागेको विदेश जानका लागि खर्च र पढेलेखेको पनि छैन भन्दै दुःखेसो पोख्छन् उनी।

बाबु कुम्भराज गुरुङ र आमा समा गुरुङको दोस्रो सन्तानका रूपमा जन्मेकी केशरी शिशु अवस्थामै ओठ र दाहिने कान गुमाउनुपर्दा कतिपयको हाँसोको पात्र बनेकी छन्। बाबु कुम्भराजले ज्याला मजदुरी गरी जेनतेन दुई छाक टार्दै आएका गुरुङको परिवारमा फेरि ठूलो वज्रपात थपिएको छ। बाबु कुम्भराजको जंगलमा घाँस काट्न जाँदा रुखबाट खसेर ढाड भाँचिएपछि उनी थला परेका छन्।

आर्थिक अवस्था कमजोरीकै कारण छोरीको उपचार गर्न नसकेको गुरुङको परिवारमा ढाड भाँचिएर घरमूली नै थलिएपछि पीडामाथि पीडा थपिएको छ। आर्थिक अभावकै कारण कुम्भराजले ढाडको उचित उपचार समेत गर्न नसकेको बताउँछन्। 'जीउलाई भार पर्ने काम गर्न हुँदैन, अहिले त आँखा पनि देख्न छोडेको छु' -गुरुङले आँसु पुछ्दै भने।

जसोतसो अर्काको मेलापात धाएर श्रीमती समाले दुई छाकको बाटो गर्दै आएकी छन्। उपचारका लागि लाग्ने खर्च तथा आर्थिक स्रोत कतैबाट जुटाउन सकिन्छ कि भनेर समा गुरुङ भौंतारिरहेकी छन्। 'कसैले साथ दिए आफ्नो छोरी र श्रीमान्को उपचार गराउथैं, मेरी छोरी र श्रीमान् जीवनभर यसरी नै बाँच्नुपर्ने अवस्था आए के होला ?' -उनी भक्कानिने गर्छिन्। खरले छाएको पुरानो घरमा यति बेला समाको काँधमा परिवारको सम्पूर्ण जिम्मेवारी थपिएको छ। एक वृद्ध बज्यै, श्रीमान् र दुई छोराछोरीसहितको ५ जनाको परिवार एक्लैले थान्नुपरेको समा बताउँछिन्।

## लेक लागेर वडा अध्यक्षको मृत्यु

अछाम, (नेस)

बाजुरा जिल्लास्थित पवित्र धार्मिक स्थल बडीमालिका यात्राका क्रममा लेक लागेर अछामका एक युवकको मृत्यु भएको छ।

बडीमालिका धाम दर्शनका लागि हिँडेका अछामको मेल्लेख गाउँपलिका वडा नं. ५ का वडा अध्यक्ष रामबहादुर बोहराको लेक लागेर बाटोमै मृत्यु भएको छ।



बडीमालिका यात्राका लागि केही दिन पहिले घरबाट हिँडेका अन्दाजी ३७ वर्षका बोहराको शनिबार बाटोमै मृत्यु भएको अछामका प्रहरी प्रमुख डीएसपी निरञ्जनदत्त भट्टले जानकारी दिनुभयो। बाजुराको त्रिवेणी नगरपालिका वडा नं. ९ मा पर्ने लौरीलेक जंगलमा उहाँको मृत्यु भएको डीएसपी भट्टले बताउनुभयो। उहाँका अनुसार बोहराको शव अछाम ल्याउन हेलिकोप्टर पठाउने तयारी भइरहेको छ।

नेपाली कांग्रेसको तर्फबाट वडा नं. ५ को वडा अध्यक्ष निर्वाचित बोहरा कांग्रेसको युवा संगठन तरुण दल अछामका उपाध्यक्षसमेत हुनुहुन्थ्यो।

## बन्दले पूर्वका ९ जिल्लाको जनजीवन कष्टकर

ताप्लेजुङ, (नेस)

राष्ट्रिय जनमुक्ति पार्टी लिम्बुवान राज्य परिषद्ले आह्वान गरेको बन्दको प्रभाव अरूण पूर्वको नौ जिल्लामा आइतबार बिहानैदेखि परेको छ। बन्दका कारण मोटरसाइकल, प्रेसका गाडी, कूटनीतिक नियोगका गाडी, दमकल र एम्बुलेन्सबाहेक कुनै पनि सवारीसाधन चलेका छैनन्। बजार, पसल, शैक्षिक संस्था र कलकारखाना पनि बन्द रहेका छन्।

साउन २२ लाई कालोदिन मान्दै आएको राष्ट्रिय जनमुक्ति पार्टी लिम्बुवान राज्य परिषद्ले आइतबार लिम्बुवानको ९ जिल्ला बन्द गरेको हो। बन्दलाई लिम्बुवान क्रान्तिकारी पार्टीले पनि ऐक्यवद्धता जनाएको छ। १८३१ साउन २२ गते कै दिन लिम्बुवानको तत्कालिन गोर्खा सँग भएको नुनपानी सन्धिले आत्मनिर्णयको अधिकार खोसिएको भन्दै साउन २२ लाई परिषद्ले कालोदिनका रूपमा मनाउँदै आएको छ।

२०६६ सालदेखि आजैको दिनलाई कालो दिन मान्दै परिषद्ले लिम्बुवान क्षेत्र बन्द गर्दै आएको छ। परिषद्को बन्दका कारण पूर्वका ताप्लेजुङ, पाँचथर, इलाम, झापा, सुनसरी, मोरङ, तेहथुम, धनकुटा, र संखुवासभा गरी ९ जिल्लामा यातायात र बजार पसल ठप्प रहेका छन्। बन्दमा प्रेस, कूटनीतिक नियोगका गाडी, परीक्षार्थी बोकेको गाडी, एम्बुलेन्स, शव वहान तथा मोटरसाइकललाई छुट दिने परिषद्ले जनाएको छ।

## जिसस पदाधिकारीद्वारा पदभार ग्रहण

नेपाल समाचारपत्र

लमजुङ

लमजुङ जिल्ला समन्वय समितिका नवनिर्वाचित पदाधिकारीको शपथ तथा पदभार ग्रहण कार्य सम्पन्न भएको छ। जिल्ला न्यायाधीश एवम् मुख्य निर्वाचन अधिकृत अर्जुन अधिकारीले समन्वय समितिका प्रमुख लोकराज पाण्डे र उपप्रमुख धनमाया तामाङलाई शपथ गराउनुभएको हो।

शपथ ग्रहण कार्यक्रम स्थानीय विकास अधिकारी डिल्लीराज सिग्देलको अध्यक्षतामा भएको थियो। कार्यक्रममा प्रमुख जिल्ला अधिकारी युवराज मैनाली, नेकपा एमालेका केन्द्रीय सदस्य मायनाथ अधिकारी, कांग्रेसका जिल्ला सचिव हरिप्रसाद बराल, नयाँ शक्तिका जिल्ला संयोजक राजु थापा, बेंसीशहर नगरपालिकाका प्रमुख गुमानसिंह अर्याल, पत्रकार महासंघका जिल्ला अध्यक्ष आश गुरुङसहितले नवनिर्वाचित पदाधिकारीलार्य बधाई र शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो।

समन्वय समितिका सदस्यहरूलाई समन्वय समितिका प्रमुख लोकराज पाण्डेले शपथ खुवाउनुभएको थियो। सो अवसरमा समन्वय समितिका प्रमुख पाण्डेले हिजोका दिनमा एमालेको उम्मेदवार भए तापनि अब आफू सम्पूर्ण जिल्लाबासीको प्रतिनिधि भएको र त्यही रूपमा काम गर्नेछु भन्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो।

कांग्रेसले उम्मेदवारी नदिएपछि जिल्ला समन्वय समितिको निर्वाचनमा नेकपा एमाले गठबन्धन निर्विरोध भएको हो। एमालेले एक्लै पनि समन्वय समिति बनाउन सक्ने थियो तर गाउँ र नगरपालिका निर्वाचनमा जिल्लास्तरमा नै माओवादी केन्द्रसँग गठबन्धन गरेका कारणले समन्वय समितिको एक सदस्य पद माओवादी केन्द्रलाई दिएको हो।

## ग्रामीण सडकको कहालीलाग्दो यात्रा

### घाम लाग्दा धुलोले छोपिने, पानी पर्दा हिलोमा चिप्लिने

नेपाल समाचारपत्र

हेटौंडा

गत साता थाहानगको खानीगाउँमा बस दुर्घटना भयो। दुर्घटनामा २ जनाको मृत्यु र ४० बढी यात्री घाइते भए। हेटौंडाबाट रासायनिक मल लिएर आग्रा जाँदै गरेको आइसर गाडी थाहा नगरपालिका-३, लामचौरमा दुर्घटना भएको थियो।

दुर्घटना खाल्डाखुल्डीका कारण भयो। दुर्घटनामा सामान्य घाइते चालक ठूलोकान्छा वाइबाले वर्षामा सडक मर्मत गर्नु नै दुर्घटनाको प्रमुख कारण रहेको बताए। 'बेलामा सक्नुपर्ने कार्य ढिलासुस्तीले गर्दा हामी सास्तीबाट मुक्त भएनौं', उनले भने- 'ठेकेदारको ढिलाइले सडक मर्मत बेलैमा सम्पन्न नहुने हो भने कहाँ कति बेला दुर्घटना हुने हो भन्ने डर छ।'

साँच्चै डरलाग्दो छ त्यहाँको यात्रा। उत्तरपश्चिम मकवानपुरको कैलाश गाउँपालिकामा रामराम जप्दै यात्रा गर्नुपर्छ। घामलाग्दा धुलैधुलो सडक, पानी पर्दा हिलैहिलो। लाग्छ, सडक हो कि हिलोको ताल। त्रिभुवन राजपथबाट थाहानगरस्थित पालुङ-डाँडावास-पकनी सडकखण्डमा हरेक दिनजसो दुर्घटना हुने गरेको छ। दुर्घटनाका कारण सामान्य घाइतेदेखि मृत्युका घटनासमेत हुँदै आएको पाइन्छ।

त्रिभुवन राजपथको शिखरकोटबाट आग्रा हुँदै कैलाशको पकनीसम्म पुग्न दूरीका हिसाबले करिब २५ किलोमिटर जति छ। तर, यात्रा गर्न करिब ३ घण्टा लाग्छ। ढल नहुँदा पानी सडकबाटै बग्छ, सडक पोखरीमा परिणत हुँदा पैदलयात्रु र सवारीसाधनलाई आवतजावतमा समस्या परेको छ।

दामनदेखि डाँडाबास हुँदै कैलाशस्थित पकनीसम्म यात्रुवाहक बस सञ्चालनमा आएको ८ वर्ष बितिसकेको छ। बिग्रिएको हिलाम्मे सडक पार गर्दै खचाखच भरिएका बस दामन आइनपुग्दासम्म यात्रुको मन स्थिर हुन्न, मुटुमा ढ्यांग्रो ठोकिरहन्छ।

'सडक स्तरीकरण हुँदै जानुपर्ने हो, तर झन्झन् थोत्रो हुँदै गएको छ', पकनीका राजन लामाले गुनासो गरे- 'थोत्रो बस, हिलो र बिग्रिएको बाटोमा ज्यानकै माया मारेर यात्रा गर्नुपर्छ।' बेलामै सडक स्तरोन्नति नगर्दा सडकको बिजोग छ। सडक किनारमा निर्माण सामग्री थुपारेर



राखिएका छन्। कैलाश र राक्सिराङ गाउँ जाने सडकको बिजोगले साविक १० गाविस पुग्ने यात्रु जोखिम मोल्न विवश छन्।

चुनियाँ-नामटार-कालिकाटार सडकको अवस्था पनि उस्तै खराब छ। 'यहाँ बस चल्न छाडेको दुई महिना भइसक्यो', कालिकाटारका नवीन रिजालले भने- 'सरकारले सडक त सबै ठाउँमा पुऱ्यायो, तर स्तरीकरण नगर्दा मोटर सञ्चालनमा समस्या हुने गरेको छ।'

असारे पानीमा काम गर्दा काम नसकिँदै सडक बिग्रने गर्दछ। जसले दुर्घटना हुने गरेका छन्। सडकको अवस्था हेर्ने हो भने पैदल यात्रा गर्नसमेत गाह्रो अवस्था छ। ज्यानको जोखिम मोलेर सवारी चलाउन वाध्य भएको उनले सुनाए। रिजालले भने- 'सडक बिग्रिएकाले गाडी कहाँ फस्ने हो भनेर तनाव लिएर यात्रा गर्नुपर्छ।' कुटो, कोदालो र ढुंगालगायत सामान बसमै राखेर चालकहरू गाडी चलाउने गरेका छन्।

२०७४, साउन सोमबार २३

चुनावको अन्तिम मत परिणाम आएको डेढ महिना पूरा हुँदा समेत अधिकांश स्थानीय तहमा कार्यालय व्यवस्थापन हुन सकेको छैन। कतिपय स्थानीय तहमा वडा कार्यालय नै छैन। वडा कार्यालय नहुँदा जनप्रतिनिधिलाई काम गर्न समस्या भइरहेको छ।



# नेपाल

# कार्यालय नहुँदा काम गर्न समस्या

**विष्णुप्रसाद भण्डारी, अछाम**

हालै मात्र दोस्रो चरणको स्थानीय तह निर्वाचन सम्पन्न भयो। प्रदेश नं. ७ अन्तर्गतका जिल्लामा पनि दोस्रो चरणमा निर्वाचन भएको हो। जस अन्तर्गत ४ नगरपालिका र ६ गाउँपालिका गरी अछामका पनि १० ओटै स्थानीय तहमा चुनाव सम्पन्न भई अन्तिम मत परिणाम सार्वजनिक भएको समेत डेढ महिना पूरा भइसकेको छ।
चुनावको अन्तिम मत परिणाम आएको डेढ महिना पूरा हुँदा समेत अधिकांश स्थानीय तहमा कार्यालय व्यवस्थापन हुन सकेको छैन। कतिपय स्थानीय तहमा वडा कार्यालय नै छैन। वडा कार्यालय नहुँदा जनप्रतिनिधिलाई काम गर्न समस्या भइरहेको छ।

अछामका साविकका ७५ गाविस मिलेर अहिलेका ४ नगरपालिका र ६ गाउँपालिका ९१ ओटा वडा बनेका छन्। विगतमा द्वन्द्वका कारण विस्थापित भएका गाविस कार्यालयसमेत स्थापना नहुँदै स्थानीय तहको संरचना विस्तार हुँदा जिल्लाका अधिकांश स्थानीय तहका वडा कार्यालयविहीन बनेका हुन्। गाउँपालिकामा मात्र होइन नगरपालिकाका कतिपय वडाका समेत वडा कार्यालय छैनन्। दूरदराजका नगरपालिकाका कतिपय वडामा वडा कार्यालय नहुनु समेत अस्वाभाविक होइन। जिल्ला सदरमुकाम रहेको मंगलसेन नगरपालिकाका अधिकांश वडामा नै वडा कार्यालय छैन।

**जनप्रतिनिधि काम गर्न आतुर तर स्रोत, साधन र संरचना अभाव**

यसमध्येको एक मंगलसेन नगरपालिकाको वडा नं. ६ पनि हो। त्यहाँ वडा कार्यालय मात्र होइन वडामा कर्मचारीसमेत छैनन्। कार्यालय नहुँदा आफूलाई काम गर्न निकै समस्या भइरहेको मंगलसेन नगरपालिका वडा नं. ६ का वडा अध्यक्ष जनराज भण्डारीको गुनासो छ। जनताले आफूलाई काम गर्नका लागि जिताएको भन्दै उहाँले आफू जनताको सेवाका लागि आतुर रहेको उल्लेख गर्दै त्यसका लागि तत्काल वडा कार्यालय स्थापना हुनुपर्ने र कर्मचारी व्यवस्थापन हुनुपर्ने माग गर्नुभयो।

सरकारको चरम लापरबाहीका कारण वडा कार्यालय व्यवस्थापन हुन नसकेको उहाँको गुनासो छ। सरकारले निर्वाचनपूर्व नै वडा कार्यालय स्थापनाका लागि रकम पठाएको भए पनि त्यसको चरम दुरुपयोग भएका कारण अझै वडा कार्यालय स्थापना हुन नसकेको उहाँको बुझाइ छ। यस सम्बन्धमा मंगलसेन नगरपालिकाका नगर प्रमुख पदम बहोरलाई बुझ्दा उहाँले वडा कार्यालय व्यवस्थापनका लागि भनेर आएको रकम खर्च नै हुन नसकेको बताउनुभयो। उक्त रकम नगरपालिकाको खातामा मौज्दाद रहेको बताउँदै नगरप्रमुख बोहराले तत्काल सो रकम परिचालन गरेर वडा कार्यालय स्थापना गरिने जानकारी दिनुभयो।

हाल नगरपालिकामा कर्मचारीसमेत पर्याप्त मात्रामा नभएकाले काम गर्न समस्या भएको उहाँले बताउनुभयो। कर्मचारी आपूर्तिका लागि प्रमुख जिल्ला अधिकारीसँग समन्वय भइरहेको बताउँदै बोहराले तत्काल अपुग कर्मचारी मगाएर नगरपालिकामा गर्न बाँकी रहेका सबै काम असोजसम्ममा सक्ने आफ्नो योजना रहेको उहाँले बताउनुभयो। हाल धेरै जसो वडाका वडा अध्यक्षहरू नगरपालिकाको कार्यालयमै बसेर सेवा दिन बाध्य रहेको उहाँले बताउनुभयो।

# आवेगमा ज्यान फाल्नेहरू ५७ जना भाग्यमानी

बाँके, (नेस)

क्षणिकको रिसमा बाँकेमा ७५ जनाले ज्यान फालेका छन्। लोग्ने-स्वास्नी, सासू-ससुरा या आमा-बुबाको वचनलाई सहन नसकेर जीवन समाप्त पारिएका छन्। घरेलु हिंसाले आत्महत्या बढाएको छ। 'तिमी त अचेल पढ्दै पढ्दैनौ रे' मामाले सम्झाउने हिसाबले भनेको वचन बिझेर ११ वर्षीयाले आत्महत्या नै गरिन्। साथीहरूसँग पौडी खेल्न गएकालाई आमाले जानु हुँदैन मरिन्छ भनेर सम्झाउँदा आवेगमा आएर जीवन समाप्त गरियो।

आर्थिक वर्ष २०७३/७४ मा बाँकेमा ७५ जनाले आत्महत्या गरेका छन्। विषसेवन गरेर ३१ र झुन्डिएर ४४ जनाले जीवन समाप्त गरेका छन्। ५५ जना भने भाग्यमानी ठहरिएका छन्। मर्नका लागि विषसेवन गरे पनि अस्पतालमा पुगेर बाँचेका छन्। झुन्डिएका दुई जना मात्रै बाँचेका छन्। क्षणिक आवेगमा आएर मर्न औषधि खाए पनि अस्पताल पुगेपछि भने ऊ जिउन चाहन्छ। 'बचाऊ' भन्दै छटपटिन्छ।

बाँकेमा यो वर्ष भने आत्महत्या गर्नेको संख्या घटेको छ। जिल्ला प्रहरी कार्यालय, बाँकेको तथ्यांकअनुसार, गत वर्ष १ सय १९ जनाले आत्महत्या गरेका थिए। त्यसमा विषसेवन ४३ र ७६ जना झुन्डिएका थिए।

आत्महत्या गर्नेमा १५ देखि ३० वर्षका धेरै छन्। ६० वर्षमाथिका पनि अधिक देखिन्छन्। 'आत्महत्या गर्नका लागि ठूलो कुरै चाहिँदैन', बाँके प्रहरीका मुद्दाफाँट इन्चार्ज बीरबहादुर थापाले भन्नुभयो- 'अभिभावकले सम्झाउने हिसावले भनेका शब्द पनि बिझेर आत्महत्या गरिएका छन्।'

लोग्ने-स्वास्नीको झगडा, सासू-ससुराको किचकिच, माया पिरतीको चक्कर, गरिबी, जेष्ठ नागरिकमा दीर्घरोगलगायत कारणले आत्महत्या गरिएका छन्। घरेलु हिंसा आत्महत्याको प्रमुख कारक मानिएको छ। आत्महत्याका हरेक घटनालाई नजिकबाट नियालेका मुद्दाफाँटका इन्चार्ज थापाले गुम्सिएको घरेलु हिंसाले आत्महत्या गराइरहेको छ। पछिल्ला दिनमा घरेलु हिंसाका घटनाहरू बाहिर आउन थालेपछि आत्महत्यामा कमी भएको थापाको भनाइ छ। घरेलु हिंसापीडितहरू विभिन्न समूह, प्रहरी, संघसंस्थमा पुग्दा आत्महत्यामा कमी आएको छ।

# दुई बालबालिकालाई नि:शुल्क शिक्षा



**सिर्जना पन्त, बागलुङ**

सर्पको टोकाइबाट आमाको मृत्यु भएपछि अनाथ जस्तै बनेका बागलुङका दुई बालबालिकालाई मालिका सेवा समाज बागलुङको सक्रियतामा नि:शुल्क शिक्षा प्रदान गरिने व्यवस्था मिलाईएको छ।

बागलुङ नगरपालिका-५ मालिकाका ५ वर्षीया सीमा शर्मा र ४ वर्षीय संजोग शर्मालाई समाजको सक्रियतामा सामाजिक सञ्जाल फेसबुकमार्फत आर्थिक अभियान सञ्चालन गरी 'दीर्घकालीन शैक्षिक अक्षयकोष' को स्थापना गरेर नर्सरी देखि १० कक्षासम्म नि:शुल्क पढाउने व्यवस्था मिलाइएको हो। समाजका अध्यक्ष दुर्गा कुँवरले आफ्नो व्यक्तिगत फेसबुक पेजबाट सहयोगको अपिल गरेर शुरू गरिएको अक्षयकोषमा हालसम्म ८ लाखभन्दा बढी रहम जम्मा भइसकेको छ। 'अक्षय कोषमा स्वदेश तथा विदेशमा रहेका सामाजिक व्यक्तित्वहरूबाट दैनिक सहयोग रकम प्राप्त भइरहेको छ', कुँवरले भन्नुभयो- 'सीमा र संजोग शुरूआत मात्र हुन् हाम्रो अभियान शिक्षाको पहुँचबाट बाहिर रहेका अति विपन्न परिवारका साहाराविहीन अन्य बालबालिकालाई पनि पढाउने हो।'

सीमा र संजोगलाई सदरमुकामको न्यु ओएसिस आवासीय विद्यालयमा भर्ना गरेर अध्ययन गर्ने व्यवस्था मिलाइएको छ। अति विपन्न परिवारका बालबालिकाकी आमा रीता शर्माको २०७४ साल असार १ गते सर्पको टोकाइबाट निधन भएको थियो। उनीहरूका बाबु गोविन्द शर्मा रोजगारीको सिलसिलामा खाडी मुलुक छन्।

आर्थिक अभावको कारणले गुणस्तरीय शिक्षाबाट वञ्चित बालबालिकालाई शिक्षाको पहुँचमा पुऱ्याउन अक्षय कोष निर्माण गर्ने उद्देश्यले केही समय अगाडि सामाजिक सञ्जाल फेसबुकमार्फत 'बालबालिका पढाऔं अभियान' शुरू गरेर आर्थिक अभियान थालिएको थियो।

बालबालिकालाई आवासीयसहित महिनाको २० हजारका दरले खर्च हुने अनुमान गरएको छ भने शैक्षिक सामग्री तथा अन्य सेवा सुविधा विद्यालयले नै प्रदान गर्ने बताइएको छ। मालिका सेवा समाजका अध्यक्ष दुर्गा कुँवर र विद्यालयका प्रिन्सपल नेत्रलाल न्यौपानेले बालबालिकाको दश कक्षासम्मको शिक्षा नि:शुल्क गराउने करार-पत्रमा संयुक्त रूपमा हस्ताक्षर गर्दै बालबालिकाको उज्वल भविष्यका लागि समाज र विद्यालयले सक्दो सहयोग गर्ने बताउनुभएको थियो।

# सांसदकै योजना सम्झौता हुन सकेन

**मोतीराम तिमल्सिना, काभ्रे**

आर्थिक वर्ष २०७३/२०७४ मा जिल्लाका सांसदहरूले विनियोजन गरेका योजनाहरू नै सम्झौता हुन नसकेको खुलेको छ। पार्टी निकटका कार्यकर्ताहरूका लागि विनियोजन गरेको योजनाहरू पनि सम्झौता नभएपछि सांसदहरूलाई पार्टीले समेत स्पष्टीकरण सोध्ने तयारी गरेका छन्।

प्रत्यक्षबाट निर्वाचित सांसदहरू तीर्थबहादुर लामा, रामहरी सुवेदी, कञ्चनचन्द्र वादे र सामानुपातिक सांसदहरू कमला दोङ, केशवप्रसाद बडाल, रेशम लामा, बाबुराम पोखरेलका योजनाहरू सम्झौता नै हुन नसकी फ्रिज भएका हुन्। प्रत्यक्ष निर्वाचित सांसदहरूले ३ करोड र समानुपातिक सांसदहरूले ५० लाख रुपियाँ खर्च गर्न पाउने गरी रकम विनियोजन गरिएको थियो। सांसद तीर्थ लामाका दुईवटा योजना सम्झौता हुन सकेनन्। लामाको गुम्बाका लागि विनियोन गरेका ६ लाखको योजना सम्झौता हुन नसकेको हो। समानुपातिक सांसद बाबुराम पोखरेलका सबैभन्दा धेरै चारवटा योजना सम्झौता हुन सकेनन्। पोखरेलले विनियोजन गरेकामध्ये छापडाँडा तल्लो सिउरानी मेदाँसु जोड्ने सडक १ लाख, ठूला दुर्लुङ मिल्चे सडकका लागि १ लाख, काशिखण्ड वडा नम्बर ७ पोटाखोला भँडाल वामेडाँडा मोटरबाटोका लागि ३ लाख र साविक बनेपा नगरपालिका १० मा रहेको उग्रेश्वर मन्दिरमा रहेको धारा निर्माणका लागि २ लाख रकम विनियोजन भए पनि सम्झौता हुन सकेन। सांसद रेशम लामाका ३ वटा योजना सम्झौता हुन सकेनन्। खहरेबेंसी खाल्डाँडा भुर्लुङ सडक बिर्तादिउरालीका लागि २ लाख, घ्याङ सिँचाइ योजना सल्ले २ लाख, शान्ति मार्ग स्तरोन्नति पेवा पर्खाल सिसाखानीका लागि १ लाख ५० हजार रकम विनियोजन गरेको भए पनि सम्झौता हुन सकेन।

त्यस्तै सांसद केशवप्रसाद बडालका तीनवटा योजना सम्झौता हुन सकेनन्। खानीखोला खहरेखोला बृहत् खानेपानी आयोजना संस्युखर्कका लागि १० लाख, उखुबारी खानेपानी योजना नयाँगाउँ देउपुर ४ लाख, चण्डेश्वरी मन्दिर पार्टी निर्माण महेन्द्रज्योतिका लागि विनियोजन भएको १ लाख रकमका योजना सम्झौता हुन सकेको छैन। सांसद कमला दोङको एउटै योजना सम्झौता हुन सकेनन्। बिर्तादिउरालीमा रहेको साङ्गे च्यमोङावे हिल्सा सेवा समिति गुम्बा निर्माणका लागि ३ लाख रकम विनियोजन गरिएको थियो। सांसद कञ्चन वादेको सीपमूलक तालिमका लागि ३ लाख विनियोजन गरेको भए पनि कुन संस्थाका लागि कुन सीपमूलक तालिम हो ? छुट्टयाउन नसक्दा सम्झौता हुन सकेन। सांसद रामहरि सुवेदीले भालुखर्क-डाँडाकटेरी श्यामपाटीका लागि १० लाख विनियोजन गरेका थिए। सांसदकै योजनाहरू पनि सम्झौता हुन नसकेपछि अन्य योजना कसरी सम्झौता हुनु नागरिकले प्रश्न तेर्स्याएका छन्।

## श्रेष्ठविरुद्ध मुद्दा दर्ता

खोटाङ, (नेस)

नक्कली नोटसहित पक्राउ परेका खोटाङस्थित लामीडाँडा गाउँपालिका-४ डुम्रेधारापानीका २२ वर्षीय सुनिल श्रेष्ठविरुद्ध जिल्ला अदालत खोटाङमा खोटा चलन अन्तर्गत मुद्दा दर्ता गरिएको हो। नेपाली मुद्रा हजारको पाँचवटा नक्कली नोटसहित गत शुक्रबार प्रहरीले पक्राउ गरेको श्रेष्ठविरुद्ध आइतबार जिल्ला अदालतमा मुद्दा दर्ता गरिएको हो।

स्थानीयलाई दिएको हजारको नोट नक्कली भएको थाहा पाएपछि सोही दिन प्रहरीले उनलाई पक्राउ गरेको थियो। बेलुकाको समयमा घरैबाट पक्राउ परेका श्रेष्ठलाई अड्डासार गर्दै शनिबार जिल्ला प्रहरी कार्यालयमा ल्याएर आइतबार मुद्दा दर्ता गरिएको प्रहरी नायब उपरीक्षक नवीनकिशोर प्रधानले बताउनुभयो। नक्कली नोटको कारोबार गरेको आरोपमा मुद्दा परेका श्रेष्ठ संलग्न रहेको ठहरिएमा १० वर्षसम्म कैद सजाय हुने अदालतले जनाएको छ।

# तामागिरी मालिकामा पूजा शुरू

डोटी, (नेस)

डोटी जिल्लाको प्रसिद्ध धार्मिक आस्थाको धरोहर तामागिरी डाँडामा रहेको मालिका अर्थात् तामागिरी मन्दिरमा आइतबार पूजा गरिनुका साथै मेला लागेको छ। आइतबार दिनभरि मन्दिरमा पूजाआजा गरिने तथा राति सुदूरपश्चिमेली डेउडा खेलेर सोमबार दिउँसो मात्रै मेला सम्पन्न हुनेछ। प्रत्येक श्रावण शुक्ल चतुर्दशीको दिन उक्त मन्दिरमा मेला लाग्ने गर्दछ। मेला भर्नका लागि डोटी तथा छिमेकी जिल्ला बझाङ, डडेल्धुराबाट दुई दिन पहिलेदेखि नै आएका हजारौं श्रद्धालु भक्तजनको घुइँचो लागेको स्थानीयले बताए। उक्त मन्दिरमा बझाङ बस्तीका पुजारीले मन्दिरभित्रको पूजाआजा गर्ने तथा डोटी तोलेनीका पुजारीले मन्दिर बाहिर हवन गर्ने परापूर्वकालदेखिको चलन रहेको स्थानीय दीपकबहादुर खड्काले बताउनुभयो।

निकै रमणीय तथा आकर्षक ठाउँमा रहेको उक्त मन्दिर तथा मेलाको खासै प्रचारप्रसार हुन नसकेको समेत अध्यक्ष खड्काले बताउनुभयो। चैते दशैंको अष्टमी र असोज कात्तिकमा पर्ने दशैंको अष्टमीमा पनि उक्त मन्दिरमा पूजाआजा गरिन्छ।

**हार्दिक श्रद्धाञ्जली**



जन्म
वि.सं. २०२८/०१/२८

स्वर्गारोहण
वि.सं. २०७४/०४/११

**स्व. चन्द्र बहादुर कुँवर**

हाम्रा अत्यन्त मिलनसार एवम् कर्तव्यनिष्ठ व्यक्तित्व, जिल्ला शिक्षा कार्यालय रुपन्देहीमा कार्यरत विद्यालय निरीक्षक **चन्द्र बहादुर कुँवर** को सडक दुर्घटनामा परी असामयिक स्वर्गारोहण भएको आज १३औं दिनको पुण्यतिथिमा दिवंगत आत्माप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं।

अध्यक्ष
एवम्
नेपाल निजामति कर्मचारी युनियन (संघ)
विभागीय कार्यसमिति शिक्षा मन्त्रालय

**हार्दिक श्रद्धाञ्जली**



जन्म मिति
२०२१/८/१७

स्वर्गारोहण मिति
२०७४/४/११

**श्री रामभक्त यादव**

यस विभाग अन्तर्गत जनताको तटवन्ध कार्यक्रम, फिल्ड कार्यालय नं. २, महोत्तरीमा कार्यरत ई. **श्री रामभक्त यादव**को सरकारी कामको सिलसिलामा कार्यालय समयमा नै असामयिक निधन भएको हुँदा आज १३ औं दिनको पुण्य तीथिमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै यस दुखद् घडीमा सोकाकूल परिवार प्रति समवेदना व्यक्त गर्दछौं।

जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग परिवार

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
**सुनसरी मोरङ पुल निर्माण आयोजना**
इटहरी,सुनसरी

**शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना नं. ०८
(प्रथम पटक प्रकाशित मिति २०७४/०२/२८) रद्द गरिएको सम्वन्धमा।**

बोलपत्र रद्द मिति २०७४/०४/२३

यस आयोजनावाट मिति २०७४/०२/२८ गते नेपाल समाचार पत्र दैनिकमा प्रकाशित सुचना नं. ०८ विशेष प्राविधिक कारणले रद्द गर्नुपर्ने भएकोले यस सुचनामा भएका सवैठेक्काहरु ( ठेक्का नं. २३, २४ , २५ र २६ ) रद्द गरिएको व्यहोरा सवैमा जानकारीको लागि अनुरोध छ।

**आयोजना प्रमुख**

**भूमिसुधार कार्यालय सुनसरीबाट जिल्ला काठमाण्डौ काठमाण्डौ महानगरपालिका वार्ड नं. ३१ बस्ने भूवनदेव पन्तको नाममा जारी भएको ३०(तीस) दिने म्याद सरहको सार्वजनिक सूचना**

जिल्ला सुनसरी, बसन्तपुर गा.वि.स. वार्ड नं. ९ बस्ने श्रीलाल मण्डलले तपाईका नाममा दर्ता भएको जिल्ला सुनसरी, हरिनगरा गा.वि.स. वार्ड नं. ९(ख) को कि.नं. २ को जग्गा बिगाहा १-०-६ र ऐ कि.नं.३ को जग्गा बिगाहा ०-६-६ जग्गामा रामशंकर मण्डलका नाममा मोही नामसारी हुने गरी भूमिसुधार कार्यालय सुनसरीबाट मिति २०७०।०८।२६ मा भएको निर्णयले मलाई प्रत्यक्ष असर परेकोले उक्त फैसला बदर गरी पाऊँ भनी तपाई समेतलाई विपक्षी बनाई मि.नं. ४३९ को फैसला बदर मुद्दा दर्ता गराएकोले नियमानुसार तपाईका नाममा यस कार्यालयबाट म्याद जारी गरी पठाईएकोमा उक्त ठेगानामा पटक पटक गई खोजी गर्दा घर फेला नपरेकोले म्याद फिर्ता पठाईएको भनी श्री भूमिसुधार कार्यालय, काठमाण्डौको च.नं. ३८४४ मिति २०७३।१०।१३ को पत्रबाट म्याद फिर्ता आएको देखिदा पुन: यस कार्यालयको मिति २०७३।१२।१५ को आदेशानुसार विशेष अदालत ऐन २०५९ को दफा १०(९) बमोजिम तपाईको नाममा यो ३०(तीस) दिने म्याद सरहको सार्वजनिक सूचना प्रकाशित गरिएको छ। फिरादकर्ताको माग बमोजिम फैसला बदर गर्न नपर्ने कुनै कारण भएमा स-प्रमाण म्याद भित्र आफै वा कानून बमोजिमको वारेश मुकरर गरी प्रतिउत्तर पठाउनु होला। म्याद गुजारी बसेमा कानून बमोजिम भैजाने छ र पछि तपाईको कुनै उजुर बाजुर समेत नलाग्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईएको छ।

**Section I: Invitation for Bid**

**दुहवी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय**
दुहवी, सुनसरी
१ नम्बर प्रदेश, नेपाल

**Design, Supply, Installation and Commissioning of Solar StreetLight**

प्रथम पटक प्रकाशित मिति २०७४/०४/२३

यस कार्यालयको आ.ब. ०७४/७५ को स्वीकृत सौर्य सडक बती जडानको लागि (ठेक्का नं.01/DM/Solar/2074/075) को लागि वैकल्पिक उर्जा प्रर्वद्धन केन्द्र बाट मान्यता प्राप्त कम्पनीहरूले निम्न शर्तहरूको अधिनमा रही शिलबन्दी बोलपत्रको माध्यम बाट बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहरू**

१.तपसिलमा उल्लेखित दस्तुर (फिता नहुने) नगद बुझाई नगदी रसीद वा रा.बा.बैक,ईनरूवामा रहेको यस दुहवी नगरापालिका, नगर कार्यपालिकाको कार्यालयको खाता नं.२२२०३०४०१८१०३ मा जम्मा गरेको **भौचर साथ कम्पनीले व्यवसाय नविकरण भएको इजाजत पत्र, आयकर तथा मु.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र कर चुक्ताको प्रमाणपत्रको प्रमाणपत्र** संलग्न राखी दुहवी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, दुहवी,सुनसरी तथा **Duhabibhaluwamun.gov.np** बाट यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औं ( मिति २०७४/०५/२० गतेका दिन कार्यालय समय भित्र सम्म खरिद गर्न सकिनेछ। खरिद भएको बोलपत्र सम्बन्धी कागजात ३१ औं.(मिति २०७४/०५/२१ गतेका दिन दिउसोको १२.०० बजे सम्म दुहवी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, दुहवीको नाममा सम्बोधन गरी कामको विवरण, बोलपत्रदाताको नाम, ठेगाना र फोन न. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई शिलबन्दी लाहाछाप गरी दुहवी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, दुहवीमा मात्र दर्ता गराउनु पर्नेछ। उल्लेखित कार्यालयबाट बिक्री भएका बोलपत्र सम्बन्धि कागजातमा भर्नुपर्ने सम्पुर्ण पानाहरू भरी दर्ता गर्नु पर्नेछ।
२.दर्ता भएका बोलपत्रहरू मिति २०७४/०५/२१ दिनको २.०० बजे कार्यालयका प्रतिनिधिहरू र बोलपत्रदाता वा निजको प्रतिनिधिहरूको रोहवरमा दुहवी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, दुहवीमा खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिहरू उपस्थित नभएमा पनि बोलपत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन।
३.बोलपत्र बिक्री तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरू बिदाको लगतै पछि कार्यालय खुलेको दिन सोही बमोजिम हुनेछ।
४.बोलपत्र दाताले धरौटी बापतको रकम रा.बा.बैंक ईनरूवा, सुनसरी स्थित यस दुहवी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको धरौटी खाता नं.२२२०३०३००७१०३ मा रकम जम्मा गर्न पठाउने कार्यालय : दुहवी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, दुहवी, सुनसरी, कार्यालयको कोड नं.०९-३६५-१७ मा नगरद जम्मा गरेको सक्कल भौचर वा मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरेको बिड बण्ड बोलपत्र पेश गर्ने अन्तिम मितिबाट गणना हुनेगरि कम्तिमा १२० दिन म्याद रहेको पेश गर्नु पर्ने छ।
५.बोलपत्रदाताले बोलपत्रमा दररेट भर्दा मुल्य अभिवृद्धि कर बाहेकको दररेट उल्लेख गर्नुपर्नेछ। बोलपत्रमा प्रत्येक आइटमवाइज दर अंक र अक्षर दुवै स्पष्ट लेखी प्रत्येक पानामा सहि छाप गरेको हुनु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ। केरमेट भएको ठांउमा बोलपत्रदाताको सही छाप भएको हुनुपर्नेछ।
६.नक्कली कागजात पेश गरी वा मिलोमतो गरी बोलपत्रमा भाग लिएको पाइएमा त्यस्ता बोलपत्रदाताको बोलपत्र रद्ध गरी कालो सुचीमा समावेश गर्न सम्बन्धित निकायमा सिफरिस गरिनेछ।
७.रित नपुगी वा म्याद नाघी र कुनै शर्त राखी पेश हुन आएका बोलपत्रहरू मान्य हुनेछैन।
८.बोलपत्र स्वीकृत गर्ने, रद्ध गर्ने र आंशिक रूपमा स्वीकृत गर्ने वा नगर्ने" सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।
९.यस सुचनामा उल्लेख नभएका कुराहरूको हकमा सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ (संशोधन सहित) र स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ बमोजिम हुनेछ।
१०.यो सुचना सार्वजनिक खरिद अनुगमनको कार्यालयको र दुहवी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको**website: www.duhabibhaluwamun.gov.np** मा समेत राखिएको छ।

**तपसिल**

| सि.न. | ठेक्का नं. | कामको विवरण | ल.ई.रकम (भ्याट बाहेक) रू. | धरौटी रकम रू. | फाराम दस्तुर रू. |
|---|---|---|---|---|---|
| १. | 01/DM/Solar/2074/075 | सौर्य सडक बती जडान गर्ने कार्य। | ४५,१४,१३०।०० | १,२३,५००।०० | ३०००।०० |